आज मिति २०८१ चैत ११ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री बुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री मधु माया बगाले

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा अधिकृत :- श्री मनि राना मगर

सहायक प्रशासकीय अधिकृत :- श्री अनिल कुमार गुरुङ

**मिति २०८१/१२/११ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकका निर्णयहरु :**

**निर्णय नं. १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा :**

मिति २०८१/११/१३ को मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस वैठकमा समिक्षा गरियो । साथै वडाको कार्य प्रगति वारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो । समिक्षा र रिपोर्टिङ्को क्रममा वैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं. २. बजेट विनियोजन सम्बन्धमा ।**

- अति आवश्यक योजनाहरु शिर्षकमा रहेको वजेट रु.५ वाट निम्नानुसार विनियोजन गर्ने निर्णय गरियो ।
  1. माधव प्रसाद घिमिरे पार्क, मर्स्याङ्दी - ६, रु.३,००,०००।- (अक्षरुपी तिन लाख रुपैया मात्र)
  2. अक्टोपस झरना पार्क, मर्स्याङ्दी -४, रु. २,००,०००.०० (अक्षरुपी दुई लाख रुपैया मात्र) झरना नजिक मेशनरी वाल तथा रेलिङ निर्माण
- शिक्षा तर्फ विद्यालय पूर्वाधार कार्यक्रम शिर्षकमा रहेको वजेट रु.१० वाट निम्नानुसार विनियोजन गर्ने निर्णय गरियो ।
  1. गंगा मिलन मा.वि.घेरावार, मर्स्याङ्दी -५, रु.२,००,०००।- (अक्षरुपी दुई लाख रुपैया मात्र)
  2. मंगलोदय प्रा.वि. मर्मत, मर्स्याङ्दी - ३ रु. १,००,०००।- (अक्षरुपी एक लाख रुपैया मात्र)
  3. सुर्य ज्योति प्रा.वि.मर्मत, मर्स्याङ्दी -९ रु.१,५०,०००।-(अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र)
  4. कन्यादेवी प्रा.वि. मर्मत, मर्स्याङ्दी -४ रु.१५०,०००।- (अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र)

**निर्णय नं. ३ : अवलोकन भ्रमण सम्बन्धमा ।**

यस गाउँपालिकाको जनप्रतिनिधीहरु र शाखा प्रमुखहरुको क्षमता अभिवृद्धिको लागि २ वटा समुह वनाई विभिन्न पालिकाहरुको असल अभ्यासहरुको अध्ययन अवलोकन भ्रमण लैजाने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- **समुह १** - गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, केहि सदस्यहरु र शाखा प्रमुखहरु - मिति २०८१/१२/२१ गते देखी २०८१ चैत्र २५ गते सम्म पूर्व नेपाल तिरका सफल पालिकाहरु ।
- **समुह २** - वडा सदस्यहरु, केहि शाखा प्रमुखहरु - मिति २०८१/१२/२७ गते देखी २०८१ चैत्र ३१ गते सम्म पूर्व नेपाल तिरका सफल पालिकाहरु ।

**निर्णय नं. ४ : व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम सम्वन्धमा ।**

आ.व. २०८१/०८२ मा व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम शिर्षकमा विनियोजित वजेट रु.२० लाखलाई समग्र पालिका भरि तल्लो भुभाग (करिव ८०० मि. देखी १४०० मि.) मा व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत आउने आ.व.मा कफि खेति गर्न तयार हुने किसानहरुलाई सेट ट्रिको लागि एवोगाडो, माथिल्लो भुभाग (१४०० मि. देखी २००० मि. र आसपास) आरु वखाडा, दन्त ओखर, किवि, टिम्वुर खेतिको लागि आवश्यक प्रकृया अगाडी वढाई कार्यन्वयन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो । सोका लागि वडा स्तरीय किसानहरुको भेला आयोजना गर्न समेत निर्णय गरियो ।

अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ५ : जिल्ला प्रहरी कार्यलय, लमजुङको पत्र सम्बन्धमा ।**

नेपाल सरकार, गृह मन्त्रालय, जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान तथा कारवाही शाखा गण्डकी प्रदेश, वेशिसहर लमजुङको पत्र संख्या २०८१/८२, च.नं. ३९७७ र मिति:२०८१/११/१८ को पत्रानुसार मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिका सदस्य तथा वडा नं ९ को वडा सदस्य श्री मधुमाया वगालेलाई सहकारी, सगंठनिक तथा सम्पति शुद्धिकरण सम्बन्धी मुध्दामा जिल्ला अदालतले मुध्दा दर्ता गरेकाले सम्पत्ती शुध्दीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन २०६४ को दफा (२२) र (२७) वमोजिम मुध्दाको किनारा नभएसम्मको लागि निलम्वन हुने व्यवस्था भए वमोजिम निजलाई सोही ऐनको दफा (२७) अनुसार निलम्वन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ : सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८१/०८२ को दोस्रो चौमासिक सम्म भए गरेका सम्पूर्ण गतिविधिहरु, प्रगति विवरण र खर्च सार्वजनिक गराउनको लागि मिति २०८१ बैशाख ३ गते बुधवार विहान ११:०० वजे मर्स्याङ्दी -४, स्याँगेमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो । साथै सोका लागि आवश्यक सहजिकरण गर्न रेडियो मर्स्याङ्दी, वेसिशहरलाई जिम्मेवारी दिने निर्णय समेत गरियो ।

**निर्णय नं. ७ : बोलपत्र स्वीकृत गरी आशयको सुचना प्रकाशन गर्ने सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको कार्यालयबाट आव्हान गरिएका तपशिल वमोजिमका ठेक्काहरुको बोलपत्र पुर्णताको परिक्षणंका क्रममा सफल भएको तथा बोलपत्रका पुर्व योग्यताका आधारहरुमा समेत योग्य देखिएको साथै तपशिल वमोजिमका बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही रहेको पाईएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ (७) अनुसार बोलपत्रदाताले पेश गरेको बोलपत्र स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपशिलः

| ठेक्का नं | कामको विवरण | वोलपत्रदाताको विवरण | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 06/MRM/ROAD/2081-82 | Upgrading and Pavement Works of Bhulbhule-Baluwa-Ngadi-Dovanchaur-Arkhalebeshi Road, Marsyangdi-08,07,06 | Shailendra-Jayajyoti JV, Bidur-10, Nuwakot | 2,94,47,523.26 |
| 07/MRM/ROAD/2081-82 | Upgrading Works of Khudi-Siurung-1Syange Road of Marsyangdi Rural Municipality, Lamjung | Mir Nepal Construction Lekhnath, Kaski | 4,47,39,629.78 |

**निर्णय नं. ८ : चौमासिक समिक्षा गोष्ठि सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८१/०८२ को **दोस्रो चौमासिक समिक्षा गोष्ठि मिति २०८१ चैत्र १७ गते विहान ८:००** बजे आयोजना गर्ने निर्णय गरियो ।

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)



अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ९ : गाउँपालिका स्तरीय पर्यटन प्रवर्धनात्मक अन्तर्कृयात्मक कार्यक्रम सम्बन्धमा ।**

लमजुङ उद्योग वाणिज्य संघको लमजुङ भ्रमण वर्ष २०८१ को सन्दर्भमा यस पालिकाको विभिन्न पर्यटकिय क्षेत्रहरुको सम्भावनालाई प्रवर्द्धन गर्ने हेतुले मिति २०८२ बैशाख १३ गते मर्स्याङ्दी - ६, भिरपुस्तनमा गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धनात्मक अन्तरकृया कार्यक्रम आयोजना गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १० : व्याक अप सिष्टम जडान तथा वाईरिङ कार्य को लागी बजेट विनियोजन सम्बन्धमा:**

यस मर्स्याङदी गाउँपालिकाको नवनिर्मित भवनमा व्याकअप सिष्टम नभएको र माथिल्लो बल्कबाट सिष्टम वाईरिङको काम गर्नुपर्ने साथै प्रत्येक शाखाहरुमा व्याकअपको लागी वाईरिङ गर्नुपर्ने भएकाले सो कार्यको लागि इष्टिमेट गर्न लमजुङ जिल्ला दररेटमा सम्पूर्ण सामानहरुको रेट नभेटिएकाले सो सामानहरु उपलब्ध हुने जिल्लाको दररेटलाई नै आधार मानेर इष्टिमेट गर्दा कुल रु ६४,०००.०० (अक्षरुपी चौसठ्ठी हजार रुपैया मात्र) हुन आएकाले उक्त रकम भुक्तानी दिने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ११ : नदीजन्य पदार्थको विक्रि वितरण सम्बन्धमा:**

यस गाउँपालिकामा रहेको मर्स्याङदी नदिको तोकिएका क्षेत्रबाट दिगो रुपमा ढुङ्गा गिट्टी तथा बालुवा संकलन/उत्खनन कार्य गर्नका लागी अध्ययन टोलि सहित प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन पारित भएको र उक्त प्रतिवेदनमा उल्लेखित घाटहरुबाट परिमाण नबढ्ने गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय बमोजिम मितिः२०८१/१०/०४ गते प्रथम पटक प्रकाशित सुचनामा एउटा मात्र घाट (डादी/विमिरे बगर,म.गा.पा-७)को ठेक्का लागेको साथै मितिः२०८१/१०/२७ गते दोस्रो पटक प्रकाशित सुचनामा कुनै पनि फर्मको आवेदन नपरेको हुनाले गण्डकी प्रदेश सरकारले तोकेको मापदण्ड र दररेट बमोजिम तपशिल वमोजिमका घाटहरुको जिम्मा सम्वन्धित वडा कार्यालयलाइ दिने निर्णय गरियो।

तपशिलः

| सि.नं. | बगर तथा नदी क्षेत्र | उत्खनन् हुने अधिकतम परिणाम (घ.मी.) | न्युनतम कबोल रकम (भ्याट र कर बाहेक) |
|---|---|---|---|
| १ | स्यागे श्रीचौर,म.गा.पा-४ | ५८३.२० | १,८५,५००.०० |
| २ | वङ्कर क्षेत्र,म.गा.पा-४ | १०१७.२० | ३,२३,५००.०० |
| ३ | रामवजार नजिक,म.गा.पा-५ | २८५६.६० | ९,०८,४००.०० |
| ४ | घोप्टे भिर नजिक,म.गा.पा-४ | १२७८.०० | ४,०६,४००.०० |
| ५ | कत्मे बगर बगर,म.गा.पा-७ | ३४०२.०० | १०,८१,९००.०० |
| ६ | दुले ओडार बगर,म.गा.पा-८ | १५३०.८० | ४,८६,८००.०० |
| ७ | आँगे/वगैचा बगर,म.गा.पा-९ | १०५८.४० | ३,३६,६००.०० |

**निर्णय नं. १२ : एम्वुलेन्स सञ्चालनार्थ अनुदान सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत खुदी स्वास्थ्य चौकीद्वारा सञ्चालनमा रहेको ग १ भ ३९५ को एम्वुलेन्स यस गाउँपालिकाको विपदमा उद्धार गर्न, जेष्ठ नागरिक उपचारको निम्ति अस्पताल पुर्‍याउन, सुत्केरी महिलाहरुको यातायातको लागि निशुल्क सेवा उपलब्ध गराउँदै आईरहेको र यसको सञ्चालनको लागि आफ्नो आम्दानीबाट मर्मत, ईन्धन र चालकको सेवा सुविधा व्यवस्थापन गर्न कठिनाई भएकोले उक्त एम्वुलेन्स सञ्चालनको लागि विपद् व्यवस्थापन कोषबाट रु.२,००,०००।- अनुदान उपलब्ध गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं १३ : JCV हेवी चालक र सहचालकको अतिरिक्त भत्ता सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको कार्यालयको JCV हेवी सवारी चालक र सहचालकले कार्यालय समय अघिपछि अतिरिक्त समयमा र सार्वजनिक बिदाको दिनमा पनि हेवी चालक र सहचालकको कार्य समेत गर्दै आउनु भएको र वर्षात तथा विपदको समयमा राति समेत काम काजमा खटिनु पर्ने भएकोले निजहरुलाई मिति २०८१/०४/०१ गते देखि लागु हुने गरी मासिक रुपमा हेवी चालक र सहचालकले क्रमश रु. ३,०००।- (अक्षरुपी तिन हजार रुपैया मात्र) र रु.२,०००।- (अक्षरुपी दुई हजरा रुपैया मात्र ) मात्र अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४ : आर्थिक सहयोग सम्बन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक,सांस्कृतिक,साहित्यिक, महोत्सव, दिवस गोष्ठि सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिका सहकारी समन्वय समिति, रु. ५०,०००।-(अक्षरुपी पचास हजार रुपैया मात्र) ६८ औं राष्ट्रिय सहकारी दिवस २०८१ मनाउन ।
- भक्ति थापा जन्मस्थल संरक्षण सम्वर्धन तथा विकास समिति, मर्स्याङ्दी -३, रु.१,००,०००।- ( अक्षरुपी एक लाख रुपैया मात्र) २१० औं स्मृति दिवस २०८२ कार्यक्रम ।
- लमजुङ जेसिस, बेसिशहर, लमजुङ रु.२५,०००।- (अक्षरुपी पच्चिस हजार रुपैया मात्र) विश्व जल दिवस २०२५ (२२ मार्च) को अवसरमा साईकल ऱ्याली आयोजना ।
- जिल्ला खेलकुद विकास समिति, लमजुङ रु: ५०,०००।- (अक्षरुपी पचास हजार रुपैया मात्र)
- तमु ह्युल छोँज धीं, गुरुङ राष्ट्रिय परिषद, बेसिशहर ईकाई, लमजुङ रु.५०,०००।- (अक्षरुपी पचास हजार रुपैया मात्र

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- नरदेवी आमा समुह, मर्स्याङ्दी - ३, तरापु रु.५०,०००।- (अक्षरुपी पचास हजार रुपैया) नरदेवी मन्दिर र वस्ति नजिक रहेको अत्यन्तै ठूलो सुकेको सिमलको रुख जोखिममा भएकोले काट्न लाग्ने खर्चमा लागत साझेदारी ।

३) मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ स्थित प्रहरी चौकी, मर्स्याङ्दी -३, खुदीलाई अन्य कार्यालय संचालन खर्च शिर्षकमा विनियोजित शिर्षकबाट, रु.३०,०००।- (अक्षरुपी तिस हजार रुपैया मात्र) कार्यलय व्यवस्थापनको लागि सहयोग गर्ने निर्णय गरियो ।

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष